जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २६२ | २०८० साल जेठ ९ गते मंगलबार | (23 May 2023 Tuesday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : शरणार्थी प्रकरण : प्रहरीले बुझ्झायो३ पृष्ठमा : विद्युत्को निर्यातका लागि बजार३ पृष्ठमा : युक्रेनको जापोरिजझिया आणविक

# समस्याप्रति सरकार गम्भिर नभए आन्दोलन : उद्योगी व्यवसायी




**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

उद्योग बाणिज्य संघ सप्तरीले समय मै सरकारले उद्योगि व्यवसायीहरुको समस्या समाधान गर्न गम्भिर नभए बाध्य भई आन्दोलनमा उत्रने चेतावनी दिएको छ ।

सोमवार आयोजित पत्रकार सम्मेलनमा संघका सप्तरी अध्यक्ष लालबाबु अग्रवालले आर्थिक तरलता, मन्दी, बैंकको बढ्दो ब्याजदर, कच्चा पर्दाथको अभाव, व्याजका लागी बैंकिङ्ग क्षेत्रबाट बढ्दो दवाव, अब्यवहारिक मौद्रिक र कर नीति तथा कित्ताकाट र विटौरी जग्गा रोक्का फुकुवामा रोक लगायतका कारणले उद्योग व्यवसाय धरासायी बन्न लागेको बताए ।

अध्यक्ष अग्रवालले आयातमुखी अर्थतन्त्र भएको मुलुकमा बैकको गतिवीधी उद्योगी व्यवसायी विरुद्ध भएको बताउँदै बैंकको बढ्दो व्याजदर संगै ब्याजका लागी बढ्दो दवावले आफुहरु आर्थिक, समाजिक र मानसिक तनावमा परेको चर्चा गरे ।

उनले सरकारको परिवर्तित मौद्रिक नीतिको बैकहरुले पालना नगर्दा राजविराजमा मात्रै २ सय सटरहरु बन्द भईसकेको र तनाव खेप्न नसक्दा कतिपय उधोगी व्यवसायी आत्महत्याको बाटो रोज्न बाध्य भएको बताए ।

उद्योग व्यवसाय धरासायी बन्दै गएको वेला बैंकले व्यवसायीमाथी बढाउँदै गएको दवाव उचित नभएको उनको भनाइ छ । खुला सिमा नाकाका कारण बढ्दो चोरी तस्करीले पनि यहाँको ब्यापार व्यवसाय चौपट भएको उनको भनाई छ ।

यस अघि २०७९ साल असोज १२ र २०७९ साल फागुन ११ गते उधोगी व्यवसायीको समस्या समाधान गर्न प्रमुख जिल्ला अधिकारी मार्फत राष्ट्र बैंकको गर्भनर र प्रधानमन्त्री समेतलाई ध्यानाकर्षण पत्र बुझाउँदा पनि हाल सम्म कुनै सुनवाई न भएको भन्दै उनले असन्तुष्टी जनाए ।

उद्योग बाणिज्य संघका केन्द्रिय सदस्य अरुण प्रधानले विदेशी मुद्रा संचितीमा परेको चाप कम गर्न स्वदेश मै उत्पादन बढाउनका लागी निजी क्षेत्रलाई सरकारबाट सहयोग र सहुलियत जरुरी रहेको बताए ।

अर्थतन्त्रलाई थप संकटमा जान नदिन बैंकले आफ्नो नाफा नोक्सान मात्र न हेरी निजी क्षेत्रको अस्तित्व जोगाउन अग्रसर हुनु पर्ने उनको जोड थियो ।

उनले मौद्रिक नितीमा हाल भएको केही परिवर्तनको पालना गराउन राष्ट्र बैंकले पनि मातहतका बैंकहरुलाई कडा निर्देशन दिनु पर्नेमा जोड दिदै थला परेको व्यापार व्यवसायलाई उकास्न बैंकको व्याजदर घटाउनुका साथै सहजरुपमा कर्जा उपलब्धका लागी राष्ट्र बैंकले हस्तक्षेप गर्नू पर्ने मागँ समेत गरे ।

बैंकहरुले सहजरुपमा कर्जा नदिदा मिटरव्याजीको चक्करमा फसेर धेरै व्यवसायीहरुको उठिवास भएको भन्दै उनले यस तर्फ सरकारले अविलम्व ठोस पहल गर्नू पर्ने माँग गरे । उनले स्थानीय तहले लगाउने व्यवसायीक कर तथा विभिन्न सिफारीस दस्तुर प्रत्येक वर्ष बढाउँने गरेको भन्दै यसलाई समय सापेक्ष बनाउन माँग पनि गरे ।

कार्यक्रममा व्यवसायी प्रमोद काबरा, नागरिक समाजका अध्यक्ष थानसिह भन्साली लगायतले पनि उधोग व्यवसायमा देखिएको संकट समाधानका लागी सरकार गम्भीर नभए बाध्य भई उधोगी व्यवसायी संगै नागरीक समाज पनि आन्दोलनमा उत्रिने चेतावनी दिएका थिए ।

# युवकको घाटी रेटेर हत्या



**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरस्थित टेलरिङ्ग फ्याक्ट्री नजिकको खेतमा सोमबार बिहान घाटी रेटिएको अवस्थामा एक यूवकको शव फेला परेको छ ।

सनाखत हुन बाँकि रहेको मृतक युवकको घाटी रेटेर हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले जनाएको छ ।

मृतकको देब्रे खुट्टामा डोरी समेत बाँधिएको देखिएकाले केही टाढा हत्या भएको र घिसार्दै एकान्त स्थानमा ल्याएर राखेर गएको तथा हत्या राती ८ बजे देखि १२ बजे बीचको समयमा भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ ।

घटनास्थल नजिक वियर, रक्सी र चिसो पेय पर्दाथका गरी तीन वटा खाली बोतल समेत देखिएको तथा अर्धनग्न अवस्थामा रहेको अन्दाजी २४/२५ वर्षिय ती युवकको शव भन्दा करिब ५० मिटरको दुरीमा सर्ट र पाईन्ट रगतले लतपतिएको अवस्थामा रहेको छ ।

नजिकै रहेको टेलरिङ्ग फ्याक्ट्रीका संचालक, कामदार तथा स्थानीयवासी समेतले ती युवकको पहिचान गर्न नसक्दा आसपासको गाउँ वा बाहिरी जिल्लाका हुन सक्ने र यहाँ ल्याएर हत्या गरेको हुन सक्ने अनुमान गरिएको छ ।

घटनाको प्रकृति हेर्दा सुरुमा मदिरा सेवन गराइएको र त्यसपछी हत्या गरिएको एक प्रहरी अधिकारीले भन्दै पोस्टमार्टम रिपोर्ट पछी मात्र सत्यतथ्य बाहिर आउने बताए । मृतकको शव पोस्टमार्टमका लागी सोमवार नै धरान स्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई हत्यामा संलग्नको खोजी कार्य तीब्र बनाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले बताए ।

एक साता अघि जिल्लाको शम्भुनाथ नगरपालिका २ का २१ वर्षिय मो.तफेजुलको रुपनी गाउँपालिका १ रायपुर स्थित एक खेतमा भएको हत्या घट्नामा संलग्न अभियुक्तहरुको पत्ता न लागिरहेको अवस्थामा हत्याको अर्को घटना भएपछी स्थानीयवासिन्दामा त्रास बढेको छ ।

यस्तै २०७८ साल पौष ११ गते जिल्लाको छिन्नमस्ता गाउँपालिका १ बरही विरपुरकी ५० वर्षिया भुटनी देवी यादवको पनि खेतमा गएका वेला टाउकोमा बियरको बोतल प्रहार गरी भएको हत्या घट्नामा संलग्न अपराधीहरु अझै पत्ता लाग्न सकेको छैन ।

# पुनः एक महिला झुण्डिएको अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीमा दुई दिनको अवधीमा दुई जना महिलाले झुण्डिएर आत्महत्या गरेकी छिन् ।

पछिल्लो पटक शनिबार जिल्लाको विष्णुपुर गाउँपालिका ३ की २३ वर्षिया मनिषा कुमारी मण्डल आफ्नै सुत्ने कोठाको काठको धरैनमा साडीको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको पर्सी पल्ट अर्की एक महिला झुण्डिएको अवस्थामा फेला परेकी छिन् ।

प्रहरीका अनुसार जिल्लाको शम्भुनाथ नगरपालिका ९ बज्रहट बस्ने ३० वर्षिया रिता देबी मण्डल आफ्नो घरबाट सय मिटर उत्तरमा रहेको आँपको रुखमा सलको पासो लगाई झुण्डीएको अवस्थामा मृत फेला परेकी छिन् ।

प्रहरीलाई घटना सम्बन्धमा

***बाँकी अन्तिम पृष्ठमा***

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## सम्पादकीय

### अधुरा कार्यहरु सम्पन्न गराउन तदारुकता देखाऊ

विभिन्न कारणवस समयमै सम्पन्न हुन नसकेका सप्तरीका अधुरा कार्यहरु सम्पन्न गराउन सम्बन्धित निकायले तदारुकता देखाउनु जरुरी छ । स्थानिय पालिकाहरुले विभिन्न योजना तथा विकासीय कार्यहरु हालसम्म पनि सम्पन्न गराउन नसक्दा जनताहरुले सास्ती व्यहोर्नु परिरहेको छ । यता केही पालिकाहरु जहिले पनि आन्तरिक विवादमा अल्मलिने गरेका कारण पनि यस्ता विकासीय कार्यहरु सम्पन्न हुन सकेको छैन् । केही गाउँपालिकाहरुमा अहिले पनि विवादै रहेको छ । पदाधिकारीहरुबीच रहेको विवादका कारण विकासीय कार्य ओझेलमा परेको छ ।

प्रमुख अध्यक्षलगायत अन्य पदाधिकारीहरुबीच तालमेल नहुँदा विकासीय कार्य ओझेलमा परेको छ । यसका लागि स्थानियहरुले खबरदारी गरेर विकासीय कार्यप्रति चनाखो हुनु आवश्यक छ । छुट्याइएको बजेटलाई खेर जान नदिन अहिलेदेखी नै जनता जागरुक हुनु पनि उत्तिकै आवश्यक समेत रहेको छ । यदी काम सुरु भएपनि मापदण्ड अनुसार काम भए नभएको कुरालाई पनि जनताले नै निगरानी बढाउनु पर्छ । यस्ता विषयमा जनताले ध्यान पुऱ्याउन नसक्दा पदाधिकारीदेखी कर्मचारीसम्मले अनियमितता गर्ने प्रवल सम्भावना हुन सक्छ ।

तसर्थ सरकारी मापदण्ड अनुसार समयमा कार्य सम्पन्न गराउन र अधुरा कार्यप्रति खबरदारी गर्न स्थानियतहबाटै ध्यान पुऱ्याउने सकिए मात्र विकास हुने कुरामा दुई मत नहोला ।

# शरणार्थी प्रकरण : प्रहरीले बुझायो प्रतिवेदन

काठमाडौं, ८ जेठ (रासस) ।

जिल्ला प्रहरी परिसर काठमाडौँले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्नविरुद्धको अनुसन्धान प्रतिवेदन आज जिल्ला सरकारी वकिलको कार्यालयलाई बुझाएको छ ।

अनुसन्धानको ५७औँ दिनमा प्रहरीले आफ्नो रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको हो । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले ठगी, सङ्गठित अपराध तथा राज्यविरुद्धको अपराधमा मुद्दा चलाउने रायसहितको प्रतिवेदन बुझाएको राससलाई जानकारी दिनुभयो ।

उहाँले सरकारी वकिलको कार्यालयले प्रतिवेदनमा थपघट पनि गर्न सक्ने बताउनुभयो । उहाँका अनुसार सम्पत्ति शुद्धीकरण तथा अख्तियार दुरुपयोग अनुसन्धानको पाटो बाँकी नै रहने र त्यसतर्फ पनि मुद्दा आकर्षित हुनसक्ने उल्लेख गर्नुभयो ।

उक्त प्रकरणमा पूर्वउपप्रधानमन्त्री, गृहमन्त्रीलगायतका १६ जना पक्राउ परेका छन् । उहाँले थप १६/१७ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउने राय पनि दिइएको जानकारी दिनुभयो । प्रहरीले बुझाएको अनुसन्धान प्रतिवेदन हेरेर अभियोजनको पाटो अघि बढ्ने जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि नेउपानेले जानकारी दिनुभयो ।

शरणार्थी प्रकरणमा एक सय १३ जना पीडितले रु २७ करोड बढी ठगी भएको भनी उजुरी दिएका छन् । उक्त घटनामा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण, नेकपा (एमाले)का निलम्बित सचिव एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार डा ईन्द्रजित राई, हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझीसहित गिरोहका सदस्यहरु केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टङ्क गुरुङ, गोविन्द चौधरी र रामशरण केसी पक्राउ परेका छन् ।

सो प्रकरणमा आरोपित पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापा, इन्द्रजित राईका छोरा नीरज राईसहितका व्यक्तिहरु फरार छन् ।

# चारसय बीस खानीलाई 'लाइसेन्स' प्रदान

काठमाडौं, ८ जेठ (रासस) ।

खानी तथा भूगर्भ विभागले ४२० खानी खोजतलास गर्नका लागि अनुमतिपत्र (लाइसेन्स) प्रदान गरेको छ ।

विभागले चालु आवसम्म नेपालको खनिजजन्य उद्योग प्रवर्द्धनका लागि मुलुकमा सम्भावित खानीको खोजतलास गर्न चार सय २० खानीलाई लाइसेन्स प्रदान गरेको हो । विभागका सूचना अधिकारी नारायण बाँस्कोटाले फलाम, तामा, सुन, चुनढुङ्गा, ग्रेनाइट, रुवी, डोलोमाइटलगायतका सम्भाव्य खानीको खोजतालसको लागि विभागबाट लाइसेन्स प्रदान गरिएको जानकारी दिनुभयो । उक्त विभागले गत वर्ष चार सय पाँच खानी खोजतलासको लागि लाइसेन्स प्रदान गरेको थियो ।

सो विभागले चालु आवसम्म एक सय ५९ खानीलाई उत्खननका लागि अनुमति दिएको छ भने गत वर्ष एक सय ५८ खानीलाई उत्खननका लागि अनुमति दिएको थियो । सूचना अधिकारी बाँस्कोटाले धौवादी फलाम उत्खननका लागि नवलपरासीमा विभागले खानी प्रदान गरेको बताउनुभयो ।

विसं २०३३ देखि आधिकारिकरुपमा स्थापना भई खानी र भूगर्भको क्षेत्रमा काम गर्दै आएको सो विभागले हालसम्म ५० खानीको पहिचान गरी उत्खननका लागि विभिन्न कम्पनीलाई लाइसेन्स प्रदान गरेको छ । उदयपुर सिमेन्ट कारखाना, हेटौँडा सिमेन्ट उद्योगलाई चाहिने चुनढुङ्गा खानी विभागले अध्ययन गरेर प्रदान गरेको चुनढुङ्गा हो ।

विभागका महानिर्देशक डा सुधीर रजौरेले खानी विभागले यस वर्षमात्रै दशभन्दा बढी स्थानमा खानीको अध्ययन गरिरहेको बताउनुभयो । उहाँका अनुसार सङ्खुवासभाको लुहाकोटमा फलाम, भोजपुरको दिङ्लामा तामा, सिन्धुलीको खनियाखर्कमा ग्रेनाइट, धादिङको सुनौलाबजारमा डोलोमाइट, धादिङको गणेश हिमालमा रुवी, रुकुममा तामा, उदयपुरको रतुवामाइमा फलाम, मधेस प्रदेशमा सेरामिक्स र धादिङको बेनीघाटमा चुनढुङ्गाको अध्ययन भइरहेको छ ।

सो विभागले खानीको सम्भाव्यता अध्ययन गरिरहे पनि ल्याबमा प्राविधिक कर्मचारी कमी हुँदा समयमा खानीको रिपोर्ट आउन भने समस्या हुने गरेको छ । विभागले प्रत्येक वर्ष देशका छुट्टाछुट्टै स्थानमा खानीको सम्भाव्यता अध्ययन गरे पनि त्यसको रिपोर्ट आउन भने वर्षौं लाग्ने गरेको छ ।

खनिजजन्य पदार्थको चेकजाँचको लागि विभागको ल्याबमा ११ जनाको दरबन्दी रहे पनि हाल दुई जनामात्र कार्यरत छन् । थोरै जनशक्ति भएको कारण विसं २०७२ सालमा अध्ययन गरेको खानीको रिपोर्ट अहिलेसम्म आउन सकेको छैन ।

सो विभागले चालु आवको फागुन महिनासम्म खानी उत्खननका लागि अनुमति प्रदान तथा लाइसेन्स प्रदान गरेर रु ३५ करोड ६६ लाख ३३ हजार ४४ राजस्व सङ्कलन गरेको छ । गत वर्ष फागुन मसान्तसम्म रु ९३ करोड ४५ लाख राजस्व सङ्कलन गरेको थियो ।

# नक्कली भुटानी शरणार्थी प्रकरणमा २२ जाहेरी दर्ता

काठमाडौं, ८ जेठ (रासस) ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पीडित भएको भन्दै हालसम्म एक सय ११३ जना प्रहरीको सम्पर्कमा आएका छन् । पीडितका तर्फबाट २२ जाहेरी दर्ता भएको ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालका जाहेरीमा रु २७ करोडभन्दा बढी ठगी भएको उल्लेख छ । उक्त प्रकरणमा सुरुआतमा ८१ जनाको रु १३ करोड ठगी भएको भन्दै काठमाडौं उपत्यका अपराध अनुन्धान कार्यालयलमा उजुरी परेको थियो । कार्यालयले थप अनुसन्धान तथा कारबाहीका लागि पक्राउ परेका व्यक्तिसहित फाइल जिल्ला प्रहरी परिसर काठमाडौँलाई बुझाएको छ । त्यसपछि थप व्यक्तिले जाहेरी दिएका रिजालले बताउनुभयो ।

उक्त मुद्दामा आजसम्म प्रहरीले १६ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । केही व्यक्ति फरार छन् । केही व्यक्ति अनुसन्धानको घेरामा रहेकाले दरिलो प्रमाण जुटाउने प्रयास भइरहेको उहाँको भनाइ छ । गत वर्ष चैत १२ गतेदेखि प्रहरीले आरोपीतलाई पक्राउ गर्न थालेको हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्युत्को निर्यातका लागि बजार सुनिश्चित हुँदै गएको छ : घिसिङ

काठमाडौँ, ८ जेठ (रासस)।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातको बजार सुनिश्चित हुँदै गएको बताउनुभएको छ।

तामाकोशी पाँचौं जलविद्युत् आयोजनामा कर्मचारी सञ्चय कोषसँगको लगानी सम्झौता गर्ने क्रममा उहाँले भारत र बङ्गलादेश नेपालमा उत्पादित विद्युत् किन्नका लागि आतुर रहेको बताउनुभयो।

घिसिङले ती देशमा विद्युत् बिक्री गर्दा वर्षायामको विद्युत्को राम्रो दर पाउने अवस्था बन्दै गएको उल्लेख गर्नुभयो। सञ्चयकोषले यसअघि माथिल्लो तामाकोशी, साञ्जेन, रसुवागढी, मध्यभोटेकोशी जस्ता आयोजना लगानी गरिसकेको छ।

दोलखाको बिगु गाउँपालिकामा निर्माण हुने ९९ दशमलव आठ मेगावाट क्षमताको आयोजनामा कोषले रु १३ अर्ब ७४ करोड बराबरको लगानी गर्ने भएको हो। निर्माण अवधिको ब्याजसहित रु २१ अर्ब १४ करोड बराबरको अनुमानित लागत रहेको आयोजनामा कोषले एकलरुपमा नै लगानी गर्न लागेको हो।

जनताको जलविद्युत् कार्यक्रममा समावेश आयोजनाको बाँकी रकम सर्वसाधारणलाई शेयर बिक्री गरेर स्वपुँजी (इक्विटी)बाट जुटाइने छ। आयोजनामा ६५ प्रतिशत ऋण र ३५ प्रतिशत इक्विटीबाट जुटाएर वित्तीय व्यवस्थापन गरिएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा आइतबार नेपाल विद्युत् प्राधिकरण, आयोजनाको प्रवर्द्धक तामाकोसी जलविद्युत् कम्पनी र कर्मचारी सञ्चय कोषबीच त्रिपक्षीय ऋण सम्झौतामा हस्ताक्षर भएको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, कोषका प्रशासक जितेन्द्र धिताल र कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) विनोद भण्डारीले सम्झौतामा हस्ताक्षर गर्नुभएको हो।

सबैका लागि, समृद्धिका लागि र स्वच्छ वातावरणका लागि हरित ऊर्जा नेपालको सम्भावना र आवश्यकता रहेको उल्लेख गर्दै कार्यक्रममा मन्त्री बस्नेतले यसका लागि जलविद्युत्को उत्पादन बढाउने, प्रसारण तथा प्रणालीका पूर्वाधार विस्तारमा काम भइरहेको बताउनुभयो।

मन्त्री बस्नेतले खपत बढाउन र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् निर्यातका लागि बजार सुनिश्चितताका लागि प्रयास भइरहेको उल्लेख गर्नुभयो। उहाँले आयोजना तोकिएकै समय र लागतमा सम्पन्न गरी विकास निर्माणमा ढिला हुँदा उठ्ने प्रश्नको जवाफ दिनुपर्ने बताउनुभयो।

प्रशासक धितालले जलविद्युत् क्षेत्रमा करिब आठ सय मेगावाटका आयोजनामा रु ४० अर्बभन्दा बढी कोषले लगानी गरेको जानकारी दिनुभयो। उहाँले निर्धारित समय र लागतमा निर्माण सम्पन गरी आयोजनालाई नमुना बनाइनुपर्नेमा जोड दिनुभयो। कम्पनीका सिइओ भण्डारीले आयोजनाको निर्माण चारभित्र सम्पन्न गर्ने लक्ष्यकासाथ काम भइरहेको बताउनुभयो।

तामाकोसी पाँचौं चार सय ५६ मेगावाटको क्षमताको माथिल्लो तामाकोसीको जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादनपछि निस्किएको पानीलाई उपयोग गरी निर्माण हुन लागेको क्यास्केड आयोजना हो। त्यसैले तामाकोसी पाँचौंले बाँध, बालुवा थिग्र्याउने पोखरी (डिसेन्डर) लगायतका संरचना बनाउनु नपर्ने भएकाले आयोजनालाई आकर्षक मानिएको छ।

माथिल्लो तामाकोसीको विद्युत्गृहबाट निक्लिएको पानीलाई आयोजनाको सुरुङमा पठाउन आवश्यक पर्ने सिभिल संरचनाको निर्माण भइसकेको छ। हाइड्रोमेकानिकल काम बाँकी छ। आयोजनाले आठ किलोमिटर सुरुङ, विद्युत्गृह, करिब दुई किलोमिटर दुई सय २० केभी प्रसारण लाइनलगायतका मुख्य संरचना निर्माण गर्नु पर्नेछ।

आयोजना निर्माणका लागि निर्माण व्यवसायी छनोटका लागि टेन्डर प्रक्रियामा छ। विस्तृत डिजाइन र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृत भइसकेका छन्। आयोजना निर्माणमा आवश्यकपर्ने करिब एक सय ३३ रोपनी निजी जग्गा अधिग्रहण गरिसकिएको छ।

आयोजनाबाट वार्षिकरुपमा ४९ करोड ५१ लाख युनिट विद्युत् उत्पादन हुनेछ। माथिल्लो तामाकोसीमा रोलवालिङ खोला मिसाएपछि आयोजनाबाट उत्पादन हुने विद्युत् वृद्धि भई ५४ करोड ३५ लाख युनिट पुग्नेछ। आयोजनाबाट उत्पादित विद्युत् खरिद बिक्रीका लागि प्राधिकरण र कम्पनीबीच सम्झौता भइसकेको छ।

# बारामा तीन हजारले अनुचित लेनदेनको निवेदन गराए दर्ता

बारा, ८ जेठ (रासस)।

जिल्ला प्रशासन कार्यालय बारामा अहिलेसम्म दुई हजार नौ सय २६ जनाले अनुचित लेनदेन (मिटरब्याजीको निवेदन) दर्ता गराएका हुन्।

कोल्हवी नगरपालिका-९ बेलवाकी रञ्जिता चौधरी, पचरौता नगरपालिका-९ कुडवाकी जया चौधरी, आदर्श कोतवाल गाउँपालिका-६ की निर्मला कुसवाहा, कलैया उपमहानगरपालिका-३ का गेनालाल ठाकुर, श्यामबाबु सहनीलगायतका व्यक्तिले उजुरी दिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सरकारले मिटरब्याजी विरोध अध्यादेशमार्फत कानून बनाई ठगी गर्ने साहुहरूलाई कारबाही गर्ने निर्णयबमोजिम पीडितहरूले न्यायका लागि प्रशासनमा निवेदन दर्ता गराएका राष्ट्रियता, धर्म, संस्कृति नागरिक बचाउ महाअभियानका जिल्ला संयोजक श्रीचन्द्र चौधरीले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालयले वैशाख १५ गते मिटरब्याजी पीडितहरूलाई निवेदन दिन सूचना निकालेपछि वैशाख १७ गतेदेखि निवेदन आउन सुरु भएको जिल्ला प्रशासन कार्यालय मिटरब्याज पीडित सहायता कक्षका प्रमुख सुब्बा सनोज महतोले जानकारी दिनुभयो।

अधिकांश पीडितहरूले स्वयं आफैं निवेदन लिएर जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराउने काम गरेका थिए भने साझा जागरण अभियान कोल्हवीका पदाधिकारीहरूको सहयोगमा ५५ जना पीडितले निवेदन लिएर जिल्ला प्रशासन कार्यालयमा आएको अभियानका संयोजक प्रकाश चौधरीले बताउनुभयो।

त्यसैगरी, जिल्लाभरिमा प्रचारप्रसार गरी महाअभियानको पहलमा करिब एक हजार दुई सय निवेदन जिल्ला प्रशासन कार्यालयमा पीडितहरूले निवेदन दर्ता गराएको महाअभियानका बारा संयोजक चौधरीले भन्नुभयो। गरिबी र सोझोपनको फाइदा उठाउँदै साहुहरूले दिएको रकमको तिहाइ, चौथाइ कपाली कागज गराउनाका साथसाथै जग्गासमेत आफ्नो नाममा साहुहरूले दर्ता गराई अन्याय गरेको महाअभियानका संयोजक चौधरीले जानकारी दिनुभयो।

पीडितहरूको निवेदन दिने चाप बढेको हुनाले जेठ १४ गतेसम्म निवेदन लिने गरी समय बढाइएको मिटरब्याज पीडित सहायताकक्षका प्रमुख सुब्बा महतोले जानकारी दिनुभयो।

समयसीमा सकिसकेपछि निवेदनमाथि जाँचबुझ गरी आयोगको निर्देशनअनुसार आयोगलाई सिफारिस गर्ने प्रजिअ नवराज सापकोटाले जानकारी दिनुभयो।

अदालतमा विचाराधीन रहेको मुद्दा, फैसला भइसकेको मुद्दामा आयोगले अहिलेसम्म नबोलेको हुँदा त्यसको हकमा पनि आयोगकै निर्णय कुर्नुपर्ने बताउँदै पीडित र पीडकलाई पहिलो चरणमा वार्ताको प्रयासको थालनी पनि हुन सक्ने प्रजिअ सापकोटाले उल्लेख गर्नुभयो।

# शिक्षामा २० प्रतिशत बजेट छुट्याउन माग

काठमाडौँ, ८ जेठ (रासस)।

अनेरास्ववियुले शिक्षामा कूल बजेटको २० प्रतिशत छुट्याउन माग गरेको छ। अनेरास्ववियुको यही जेठ ४ देखि ६ गतेसम्म बसेको दोस्रो केन्द्रीय कमिटीको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा अनेरास्ववियुका अध्यक्ष समीक बडालले २० प्रतिशत छुट्याउन माग गर्नुभएको हो।

अनेरास्ववियुले निजी शैक्षिक संस्थाले दिनुपर्ने अनिवार्य छात्रवृत्तिलाई पनि १० प्रतिशतबाट २० प्रतिशतमा पुर्‍याउन माग गरेको छ। बैठकले अनेरास्ववियुका केन्द्रीय कमिटीमा रहेका सबैले महिनाको एक दिन शैक्षिक गुणस्तर वृद्धिका लागि सरकारी वा सामुदायिक विद्यालयमा अनिवार्य स्वयंसेवकीय कक्षा लिने निर्णय गरेको छ।

यसैगरी, अखिलले सात सय ५३ वटै स्थानीय तहमा विज्ञान, व्यवस्थापन, कानून, खेलकुद, शिक्षा र मानविकी विषयको कक्षा १२ सम्मको नमूना विद्यालय सञ्चालन गर्न आवश्यक जनदवाव दिने निर्णयसमेत गरेको छ।

अखिलले आयोजना गर्ने कार्यक्रममा खादा नलगाउने, प्रत्येक कार्यक्रममा एकजना महिला वक्ता अनिवार्य, पार्टीका नेताको जन्मदिनमा केक नकाट्ने जस्ता निर्णय गरेको छ। यस्तै, अखिलले सङ्गठन निर्माणको महाअभियान सञ्चालन गर्ने निर्णय गरेको छ। अध्यक्ष बडालका अनुसार जेठदेखि असोजसम्म १० हजार कमिटी निर्माण गर्ने निर्णय गरेको छ।

## विश्व समाचार

### युक्रेनको जापोरिजझिया आणविक केन्द्र पुनः विद्युत ग्रिडबाट काटियो

मस्को, ८ जेठ (रासस/एएफपी)।

युक्रेनको कब्जामा रहेको जापोरिजझिया आणविक केन्द्रलाई पुनः विद्युत् ग्रिडबाट विच्छेद गरिएको युक्रेनी भूभागमा रहेका रूसी प्रशासक र युक्रेनी आणविक एजेन्सीले सोमबार बताएका छन्।

रूसी प्रशासनले टेलिग्राममा लेखेको छ, “हाई एक्टेन्सन लाइन’ काटिएका कारण प्लान्टले आफ्नो बाह्य विद्युत आपूर्ति गुमाएको छ। लोडसेडिङको कारणबारे अनुसन्धान भइरहेको छ साथै यसलाई ब्याकअप डिजेल जेनेरेटरले सञ्चालन गरिएको छ।

युक्रेनको आणविक एजेन्सी एनरगोएटोमले रूसले सोमबार बिहान आक्रमण गरेको आरोप लगाउँदै सन् २०२२ मार्चमा मस्कोको सेनाले नियन्त्रणमा लिएपछि प्लान्टमा लोडसेडिङ अवस्थामा गएको यो सातौं घटना भएको जनाएको छ।

एनरगोएटोमका अनुसार जेनेरेटर प्रणाली सञ्चालनका लागि प्लान्टमा १० दिनका लागि पर्याप्त इन्धन मौज्दात छ। “यदि यो समयमा प्लान्टमा बाह्य ऊर्जा पुनः स्थापना गर्न असम्भव भएमा विकिरणको परिणाम निम्तिने खतरा हुन सक्छ,” एनरगोएटमले चेतावनी दिएको छ।

यसैबीच, निप्रो क्षेत्रका गभर्नरले रातभर हवाई आक्रमण भएको र चारवटा रूसी क्षेप्यास्त्र र १५ वटा ड्रोन खसालेको र कम्तीमा आठ जना सर्वसाधारण घाइते भएको बताउनुभएको छ।

दक्षिणपूर्वी युक्रेनमा अवस्थित युरोपको सबैभन्दा ठूलो आणविक केन्द्र जापोरिजझियामा यसपहिले पनि रूसी क्षेप्यास्त्र आक्रमणका कारण विद्युत् कटौती भएको एनरगोएटमले जनाएको छ। यद्यपि, उक्त आक्रमणको केही घण्टापछि बाह्य विद्युत् आपूर्ति सुचारु भएको थियो।

जापोरिजियाले युक्रेनको लगभग २० प्रतिशत बिजुली आपूर्ति गर्नेगरेको शक्तिशाली विद्युत गृह हो। सेप्टेम्बरमा बिजुली उत्पादन रोक्नुअघि प्लान्टले रूसको आक्रमणको प्रारम्भिक महिनाहरूमा बारम्बार गोलाबारीको वावजुद काम जारी राखेको थियो।

प्लान्टको छ वटा सोभियत-युगको रिएक्टरमध्ये कुनै पनि बिजुली उत्पादन गरेको छैन। तर विशेष गरी रिएक्टरहरू चिसो गर्ने यसको आफ्नै आवश्यकताहरूको लागि यसलाइ युक्रेनी पावर ग्रिडसँग जोडिएको छ।

### गयानाको एक विद्यालयमा आगलागी हुँदा कम्तीमा २० जनाको मृत्यु

जर्जटाउन, गुयाना, ८ जेठ (रासस/एएफपी)।

गयानाको एक विद्यालयमा आइतबार भएको आगलागीमा परी कम्तीमा २० जनाको मृत्यु भएको छ।

“यो ठूलो विपत्ति हो। यो भयानक छ, यो दर्दनाक छ,” दक्षिण अमेरिकी राष्ट्र युयनाका राष्ट्रपति इरफान अलीले स्थानीय समय अनुसार आइतबार राति भन्नुभयो।

मध्य गुयानास्थित महदिया माध्यमिक विद्यालयमा भएको आगलागीमा परी मृत्यु हुनेको सङ्ख्या २० पुगेको छ भने कैयौं घाइते भएका छन्।

अलीले आगलागीबाट घाइते भएका सबै बालबालिको उपचार भइरहेको बताउनुभयो। उहाँले राजधानी जर्जटाउनका दुई प्रमुख अस्पतालमा हरेक बालबालिकालाई ध्यान दिन आवश्यक सम्भावित सबै व्यवस्था गर्न आदेश दिएको बताउनुभयो।

जर्जटाउनबाट करिब २०० किलोमिटर दक्षिणमा रहेको महदिया क्षेत्रमा भारी वर्षाका कारण स्थल मार्ग विच्छेद् भएकोले निजी र सैन्य विमान उद्धारका लागि पठाइएको उहाँले बताउनुभयो।

विपक्षी सांसद नताशा सिंह लुईसले आगलागीको कारणबारे छानबिन गर्न माग गर्नुभएको छ।

उहाँले भन्नुभयो, “हामीले यो सबैभन्दा भयानक र घातक घटना कसरी भयो भनेर बुझ्न आवश्यक छ र यस्तो त्रासदी फेरि हुन नदिन आवश्यक सबै उपायहरू चाल्नु आवश्यक छ।”

करिब आठ लाख जनसङ्ख्या भएको तीव्र विकासलाई पछ्याउने आशा गरेको सानो अङ्ग्रेजी भाषी देश गयाना विश्वको सबैभन्दा ठूलो प्रतिव्यक्ति तेल भण्डार भएको पूर्व डच र बेलायती उपनिवेश हो।

### इरानमा अहमदियाँलाई नयाँ सेना प्रमुखको जिम्मेवारी

तेहरान, ८ जेठ (रासस/एएफपी)।

इरानी सैनिक जनरल अली शमखानीलाई सेना प्रमुखको जिम्मेवारीबाट हटाइएको छ। इरानका राष्ट्रपति इब्राहिम रायसीले सोमबार लामो समयदेखि खाडी मुलुक इरानका सेना प्रमुख तथा खाडी मुलुकसँगको वार्तामा प्रमुख मध्यस्थकर्ता रहेका शमखानीलाई हटाएर सोमबार रिभोलुसनरी गार्ड्सका जनरल अली अकबर अहमदियालाई देशको शीर्ष सुरक्षा निकायको नयाँ जिम्मेवारीमा नियुक्त गर्नुभएको छ।

राष्ट्रपतिको आधिकारिक वेबसाइटमा भनिएको छ, “अली अकबर अहमदियाँलाई राष्ट्रपतिको आदेशद्वारा सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को प्रमुखमा नियुक्त गरिएको छ।”

नेसनल डिफेन्स युनिभर्सिटीमा अध्ययन गरेका अहमदियानयाँ पदमा नियुक्त हुनुअघि इस्लामिक रिभोलुसनरी गार्ड कोरको रणनीतिक केन्द्रको जिम्मेवारीमा रहनुभएको थियो।

उहाँ सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको सल्लाहकार बोर्डको रूपमा काम गर्ने एक्सपिडेन्सी काउन्सिलका सदस्य पनि हुनुहुन्थ्यो। अहमदियाँले यसअघि रिभोल्युसनरी गार्ड्सको नौसैनिक बलको कमान्डर र गार्ड्सको ज्वाइन्ट स्टाफको प्रमुखको रूपमा पनि काम गरिसक्नुभएको छ।

गत मार्चमा सुन्नी समुदायको शक्ति केन्द्र साउदी अरबसँग इरानको ऐतिहासिक सम्बन्ध स्थापनामा महत्वपूर्ण भूमिका खेलेका ६७ वर्षीय अली शमखानीको करिब एक दशक लामो कार्यकाल समाप्त भएको छ।

यसअघि रिभोलुसनरी गार्डका कमाण्डरसमेत रहेका शमखानीलाई इरानको केही खाडी मुलुकसँगको वर्षौं लामो तनाव कम गर्ने श्रेय दिइएको थियो। सन् २०१३ को सेप्टेम्बरमा उहाँलाई सुरक्षा परिषद्को प्रमुखमा नियुक्त गरिएको थियो।

# नेपाल बढ्ही समाजको कार्यसमिति चयन



**दैनिक समाचारदाता राजविराज, ८ जेठ ।**
नेपाल बढ्ही समाज सप्तरीको चौथो अधिवेशनले धनराज शर्माको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ ।

नवगठित कार्यसमितिको उपाध्यक्षमा बलराम शर्मा, सचिवमा धर्मदेव शर्मा, सह-सचिवमा श्यामकुमारी शर्मा र कोषाध्यक्षमा मुख्खालाल बढही चयन भएका छन् ।

यसैगरी सदस्यहरुमा नारायण शर्मा, बसन्तकुमार शर्मा, नरेश शर्मा, राजकुमार शर्मा, तेजनारायण शर्मा, श्याम सुन्दर शर्मा र अम्बिकाकुमारी शर्मा चयन भएका छन् ।

कार्यसमिति गठन अघि नेपाल बढ्ही समाजका केन्द्रीय अध्यक्ष योगेन्द्रप्रसाद शर्माले अधिवेशनको उद्घाटन गरेका थिए ।

# कम हुँदै कोरोना भाइरस संक्रमित

काठमाडौं, ८ जेठ (रासस) ।
कोरोना भाइरस सङ्क्रमितको संख्या क्रमशः कम हुँदै गएको छ । विगत एक हप्ताको तथ्याङ्क हेर्दा कोरोना भाइरसको सङ्क्रमण घटेको पाइएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आइतबार सात सय ६८ जनामा गरिएको परीक्षणमा चार जनामा मात्र सङ्क्रमण देखिएको छ । यही जेठ ६ गते १४ जना, जेठ ५ गते ३०, जेठ ४ गते २४, जेठ ३ गते २४, जेठ २ गते २१ र जेठ १ गते २१ जनामा सङ्क्रमण देखिएको छ ।

इमिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले भारतमा पनि सङ्क्रमण कम भएकाले नेपालमा घट्दो रहेको बताउनुभयो । उहाँले भारतबाट सङ्क्रमित नेपाल नआउनु र कोरोना भाइरस विरुद्धको खोपको प्रभावले सङ्क्रमण घटेको बताउनुभयो । “भारतमा पनि सङ्क्रमण कम थाल्यो । नेपालमा खोपको प्रभाव देखियो”, उहाँले भन्नुभयो, “समुदायमा खोप लगाएमा मानिसको सङ्ख्यामा धेरै भएकाले सङ्क्रमण पनि सर्न पाएन । त्यसैले सङ्क्रमण घटिरहेको छ ।”

उहाँले कोरोना भाइरस घट्ने बढ्ने भइरहेकाले अब बढ्दैन भन्ने अवस्था नरहेको बताउनुभयो । अहिलेसम्म ७० जना सक्रिय सङ्क्रमित रहेका छन् । यस्तै तीन आइसोलेशन, एक जना आइसियु र एक जना भेन्टिलेटरमा उपचाररत रहेका छन् । गत चैत महिनामा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखापरेपछि सङ्क्रमण बढेको थियो ।

### पुनः एक महिला ...

जानकारी प्राप्त भएपछि घटनास्थलमा पुगि कानुन अनुसार मुचुल्का उठाई घटना सम्बन्धमा थप अनुसन्धान कार्यगरिरहेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ९२ पुगेको छ । गत आ.ब. २०७८/७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

# गुडिरहेको म्याजिकबाट लडर युवक घाइते

**दैनिक समाचारदाता राजविराज, ८ जेठ ।**
गुडिरहेको म्याजिकबाट एक यात्रु लडेर गम्भिर घाइते भएका छन् । घाइते हुनेमा सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ९ बस्ने २९ वर्षिय बलराम यादव छन् ।

सप्तरीको कंचनरुप नगरपालिका ८ ग्वास टोलस्थित पुर्व पश्चिम लोकमार्गमा पुर्वबाट पश्चिम तर्फ आउदै गरेको को१.ज.३४६१ नं. को म्याजिकमा उनी सवार थिए ।

प्रहरीका अनुसार गुडिरहेको म्याजिकको ढोकाबाट तल लडेर उनको टाउँको, दुवै हात र शरिरको विभिन्न भागमा चोट लागेकोले स्थानिय प्राथमिक स्वास्थ्य केन्द्र कंचनपुरमा उपचार पश्चात थपउपचारका लागि बिराट नरसिंह होम लगिएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**फलफूल रोपौं, आम्दानी बढाऔं**
> एकपटक लगाएको फलफूलको विरुवाले बर्षौं आम्दानी दिन सक्छ,
> तराई, पहाड र हिमाल जहाँ पनि फलफूल खेती गर्न सकिन्छ,
> थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सकिन्छ,
> फलफूलको खेती गरौं, समृद्ध बनौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*